**मिति २०८२/०४/१५ गते बिहिबार, १७६औं कार्यपालिका बैठक**

**प्रस्तावहरुः**

१. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा।
२. अनुगमन प्रतिवेदन सम्बन्धमा।
३. आय व्ययको विवरण सम्बन्धमा।
४. घोराही उपमहानगरपालिकाको आर्थिक वर्ष २०८१/८२को वार्षिक प्रगति प्रतिवेदन अनुमोदन सम्बन्धमा।
५. रिक्त पदमा पदपूर्तिका लागि माग आकृति फाराम भरी पठाउने सम्बन्धमा।
६. जिल्ला दर रेट सम्बन्धमा।
७. करार सेवाको म्याद थप सम्बन्धमा।
८. असाधारण विदा स्वीकृत सम्बन्धमा।(ई.हिमाल वली)
९. इन्स्योर परियोजना अन्तर्गत संचालित कार्यक्रमको म्याद थप सम्बन्धमा।
१०. सार्वजनिक जग्गा उपलब्ध गराउने सम्बन्धमा।
११. कार्यविधि निर्माण तथा संशोधन सम्बन्धमा।
    १. वातावरण मैत्री स्थानीय शासन प्रारुप नीति २०८२
    २. भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ (संशोधन २०८२)
    ३. घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि २०७५ (संशोधन २०८२)
१२. ल्याण्डफिल्ड साइटमा फोहरको बहुवर्षीय ठेक्काको सूचना प्रकाशन गर्ने सम्बन्धमा।
१३. नगर शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।(थारु भाषाको पाठ्यपुस्तक स्वीकृत तथा कक्षा ११को विषय थप सम्बन्धी निर्णय)
१४. आ.व. २०८१/८२को भुक्तानी बाँकी सम्बन्धमा।
१५. विविध

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको योजना अनुगमन जाँच पास तथा फरफारक समितिका संयोजक तथा उपप्रमुखज्यूको संयोजकत्वमा असार महिनामा ४९ वटा आयोजनाहरुको अनुगमन गरिएको प्रतिवेदन कार्यपालिका समक्ष प्रस्तुत गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८१/८२को असार मसान्तसम्मको आय र व्ययको विवरण तपसिल बमोजिम रहेको जानकारी कार्यपालिका समक्ष प्रस्तुत गरियो।

**तपसिल**

| सि.नं. | कुल प्रस्तावित आय | वास्तविक आय | चालु तर्फको खर्च प्रतिशत | पुँजीगत तर्फको खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | २,३४,४९,४१,०००।- | १,८६,२६,२५,०१७.३६ | ७९.७% | ६८.३३% | |

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाको सूचना तथा संचार प्रविधि शाखाबाट पेश भएको घोराही उपमहानगरपालिकाको गत आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन कार्यपालिका बैठकमा पेश गरियो।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरबन्दीमा रिक्त रहेका तपशिल बमोजिमका पदहरुमा पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोग बुटवलमा माग आकृति फाराम भरी पठाउने।

तपशिलः

| क्र.सं. | पद तह | सेवा समूह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | अधिकृत नवौं/दशौं | प्रशासन सामन्य प्रशासन | २ | |

| | | | | |
|---|---|---|---|---|
| २ | अधिकृत नवौं/दशौं | प्रशासन लेखा | १ | |
| ३ | अधिकृत नवौं/दशौं | शिक्षा, शिक्षा प्रशासन | १ | |
| ४ | ईन्जिनियर नवौं/दशौं | ईन्जि, सिभिल जनरल | १ | |
| ५ | अधिकृत सातौं/आठौं | कृषि | १ | |
| ६ | पशु चिकित्सक सातौं/आठौं | कृषि भेटेनरी | १ | |
| ७ | अधिकृत सातौं/आठौं | न्याय कानून | १ | |
| ८ | वातावरण निरिक्षक सातौं/आठौं | विविध | १ | |
| ९ | सहायक पाचौं | प्रशासन लेखा | ११ | सबै पद खुला विज्ञापन गर्ने, बढुवाको लागि उम्मेद्वार नभएको |

**निर्णय नं. ६**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्र निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्ने व्यवस्था अनुरुप आ.व. २०८२/८३ का लागि जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरे बमोजिमको दररेट कायम गर्ने । नदिजन्य पदार्थ (ग्राभेल)को हकमा प्रदेश सरकारले कायम गरेको दररेट कायम गर्ने ।श्रमिकको न्यूनतम ज्यालादर नेपाल सरकारले आ.व. २०८२/८३का लागि तोके बमोजिम निर्धारण गर्ने।

**निर्णय नं. ७**

७.१ घोराही उपमहानगरपालिकामा करार सेवामा कार्यरत कानूनी सल्लाहकार १ जना, सूचना प्रविधि अधिकृत १ जना, गरिबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत कार्यरत २ जना, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ३ जना, लघुउद्यम विकास कार्यक्रम अन्तर्गत २ जना, एक वडा एक प्राविधिक कार्यक्रम अन्तर्गत कृषि तथा पशुसेवा गरी ३ जना, सुरक्षित आप्रवासन कार्यक्रम(सामी) अन्तर्गत ८ जना, सामाजिक सुरक्षा तथा घटना दर्ता सुदृढीकरण आयोजना अन्तर्गत २ जना, समृद्धिका लागि वन परियोजना अन्तर्गत १ जना, सेभ हाउसमा कार्यरत १ जना गरी जम्मा २४ जना कर्मचारीहरुको २०८२श्रावण १ गतेदेखि लागू हुने गरी २०८३ असार मसान्तसम्मको लागि करार अवधि थप गर्ने।

७.२ घोराही उपमहानगरपालिकाको स्वीकृत दरबन्दीको परिधिभित्र रहेका इन्जिनियरिङ सेवातर्फका प्राविधिक कर्मचारी, नगर प्रहरी, श्रेणी विहीन कर्मचारी (का.स., सवारी चालक) र सरसफाई व्यवस्थापन शाखा अन्तर्गत करार सेवामा कार्यरत सबै श्रेणी विहिन (सवारी चालक, स्वीपर, चौकीदार, माली) कर्मचारीहरुको मिति २०८२ श्रावण १ गतेदेखि लागू हुने गरी ६(छ) महिनाका लागि करार अवधि थप गर्ने।

७.३ विगतदेखि यस घोराही उपमहानगरपालिका तथा अन्तर्गतका वडा कार्यालय तथा साविकका गा.वि.स.हरुमा सामाजिक परिचालक तथा अन्य सहायक कर्मचारीमा नियुक्त भई हालसम्म यस कार्यालयमा करार सेवा तथा ज्यालादारीमा निरन्तर सेवामा रहनुभएका अप्राविधिक तर्फका कर्मचारीहरुको हकमा यस कार्यालयको स्वीकृत दरबन्दी भित्र रहने गरी श्रेणी विहिन कार्यालय सहयोगी पदमा २०८२ श्रावण १ गतेदेखि लागू हुनेगरी ६(छ) महिनाको करार सम्झौता गरी सेवालाई निरन्तरता दिने।

७.४ विगतदेखि यस उपमहानगरपालिकाका वर्थिङ सेन्टरमा दैनिक ज्यालादारीमा कार्यरत अ.न.मी. तथा अन्य स्वास्थ्य संस्थाहरुमा ल्याब असिस्टेन्ट पदमा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयको स्वीकृत दरबन्दी भित्र रहने गरी श्रेणी विहिन कार्यालय सहयोगी पदमा २०८२ श्रावण १ गतेदेखि लागू हुनेगरी ६(छ) महिनाको करार सम्झौता गरी सेवालाई निरन्तरता दिने।

७.५ घोराही उपमहानगरपालिकाको चाक्लीघाट गौशालामा कार्यरत गाई हेरालु ३ जना र वडा नं. १६ स्थित ल्याण्डफिल्ड साइटमा चौकीदार पदमा कार्यरत १ जना गरी जम्मा ४ जना कर्मचारीहरुलाई दैनिक ज्यालादारीमा कामकाजमा लगाउने कार्यलाई निरन्तरता दिने।

७.७ यसरी स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत कर्मचारीहरुको कामकाजलाई लोकसेवा आयोगबाट स्थायी पदपूर्ति भएमा स्वतः करार सेवाबाट हटने गरी करार अवधी थप गर्ने।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिकामा कार्यरत इन्जिनियरिङ सेवा सिभिल समुह अधिकृत छैटौ तहका इन्जिनियर पदमा कार्यरत हिमाल वलीको निजामती सेवा ऐन २०४९ को दफा ४० घ को १ को अधिनमा रही निजामती सेवा नियमावली २०५० को नियम ६२ को उपनियम ३(ख) बमोजिम मिति २०८०।०४।१९ गतेदेखि २०८१।०४।१८ सम्म एक वर्ष र मिति २०८१।०४।१९ देखि २०८२।०४।१८ गतेसम्म थप १ वर्ष मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय राप्ती उपत्यका देउखुरी नेपालको निर्णय अनुसार असाधारण विदा स्वीकृत भई विदा भुक्तानी  समेत भइसकेको थप असाधारण विदा स्वीकृतीको लागि मिति २०८२।०२।२२ गते निवेदन दिनुभएको हुँदा स्थानीय निजामाती सेवा ऐन २०८१ को दफा ६१को उपदफा १ र उपदफा ३ ख बमोजिम मिति २०८२।०४।१९ देखि मिति २०८३।०४।१८सम्म १ वर्ष (अन्तिम पटक) असाधारण विदा स्वीकृतका लागि ऐ.ऐनको दफा ६४ क बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय लुम्बिनी प्रदेश सिफारिस गर्ने।

**निर्णय नं.९**

यस घोराही उपमहानगरपालिकामा इन्स्योर परियोजना दोस्रो चरण अन्तर्गत संचालनमा रहेका सिपमूलक तालिम कार्यक्रम संचालनका लागि घोराही उपमहानगरपालिका र  तालिम प्रदायक संस्था विच भएको सम्झौता अनुरुप कार्यक्रम सम्पन्न गर्न थप ५ महिना म्याद गर्नुपर्ने भएको र हालसम्म तालिम सम्पन्न गरी राष्ट्रिय सिप परीक्षण समितिबाट सीप परिक्षणको नतिजा प्रकाशन हुन समय लाग्ने र सीप परीक्षणको नतिजाको आधारमा अन्तिम किस्ता भुक्तानी हुने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ को उपदफा १ मा रहेको व्यवस्था अनुरुप सामाजिक विकास महाशाखाबाट म्याद थपका लागि पेश भएको प्रस्ताव अनुरुप तपसिल बमोजिमका तालिम कार्यक्रमको म्याद थप गर्ने।

**तपसिल**

| सि.नं. | कार्यक्रमको नाम | तालिम प्रदायक संस्था | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप अवधि |
|---|---|---|---|---|
| १ | व्यवसायीक कुक विषयको १६९६ घण्टाको तह २ | ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर प्रा.लि. काठमाण्डौ | २०८२।०१।१४गतेदेखि १५ महिना अवधि | २०८२।०४।१४ गतेदेखि ५ महिना |
| २ | व्यवसायिक कम्प्युटर हार्डवेयर तथा नेटवर्क प्राविधिक निषयमा १६९६ घण्टा तह २ | मञ्जुश्री टेक्निकल ट्रेनिङ इन्स्टिच्युट काठमाण्डौ | २०८२।०१।१४गतेदेखि १५ महिना अवधि | २०८२।०४।१४ गतेदेखि ५ महिना |

**निर्णय नं. १०**

घोराही उपमहागनरपालिका वडा नं. १० नारायणपुर चरबगिया स्थित नारायणपुर शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, नारायणपुरको भवन बनिरहेको नक्सा नं. २ ख कि.नं. ३३२ को ज.वि. ०-११-६ अन्दाजी क्षेत्रफल भएको सरकारी जग्गा(पूर्वमा लरैना सोता पश्चिममा हापुर जाने बाटो उत्तरमा हापुर सिमानाको जग्गा र खानेपानीको भवन र दक्षिणमा प्रकाश कुमार न्यौपानेको जग्गा चारकिल्ला भित्र पर्ने) नेपाल सरकारको नाममा श्रेष्ता कायम गरी सो जग्गा मध्ये ज.वि. ०-५-० क्षेत्रफल जग्गा इलाका प्रहरी कार्यालय नारायणपुरको नाममा र बाँकी ज.वि.०-६-६ क्षेत्रफल जग्गा नारायणपुर शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, नारायणपुर दाङको नाममा दर्ताका लागि सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी(पहिलो संशोधन) कार्यनीति २०८२ बमोजिम जग्गा दर्ता गर्न सम्बन्धीत निकायमा सिफारिस गर्ने।

**निर्णय नं. ११**

११.१ घोराही उपमहानगरपालिकाको वातावरण मैत्री स्थानीय शासन प्रारुप नीति २०८२ पेश गरियो।

११.२ घोराही उपमहानगरपालिकाको भवन अनुमती तथा मापदण्ड कार्यान्वयन शाखाबाट पेश भएका तपसिल बमोजिमका कार्यविधिहरुको तपसिल बमोजिमका संशोधन प्रस्ताव स्वीकृत गर्ने।

१. भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ (संशोधन २०८२)
२. घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि २०७५ (संशोधन २०८२)

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिकाको शुन्य ल्याण्डफिल्ड साइटको अवधारणा अनुसार ल्याण्डफिल्ड साइटमा घर घरबाट निस्कने पलाष्टिकजन्य फोहर हालसम्मको व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्नका लागि वास प्लान सहित फोहोर व्यवस्थापन गर्न ५ वर्षे बहुवर्षीय ठेक्काको सूचना प्रकाशन गर्ने सरसफाई व्यवस्थापन समितिको मिति २०८२।०४।१८ गते बसेको बैठकको निर्णय अनुमोदन गर्ने।

**निर्णय नं. १३**

घोराही उपमहानगरपालिकाको मिति २०८२।०३।१७ गते बसेको नगर शिक्षा समितिको बैठकको निर्णय अनुमोदन गर्ने।

१. कक्षा ३ को थारु भाषाको पाठ्यपुस्तक हमार थारु स्वीकृत गर्ने।
२. घोराही उपमहानगरपालिकाका विद्यालयहरुमा कक्षा ११ र १२ मा विभिन्न संकाय संचालन गर्न अनुमती लिईसकेपछि विभिन्न विषयहरु संचालन गर्न अनुमती दिने।

**निर्णय नं. १४**

गत आ.व.मा सम्पन्न योजनाहरुको स्रोतमा भएको चापका कारण भुक्तानी हुन नसकेका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुको भुक्तानी चालु आ.व.२०८२/८३को भुक्तानी बाँकी शीर्षकबाट भुक्तानी दिने।

**तपसिलः**

| सि.नं. | योजना/कार्यक्रमको नाम | वडा नं./नगरस्तरीय | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं.१८ ढोडेनी चोकदेखि गिठेपानी जाने बाटो खारखोला सम्म सडक स्तरोन्नती (आंशिक भुक्तानी) | नगरस्तरीय | ५८०८००.०० | |
| २ | वडा नं.११ शान्ति टोल हुँदै सोनापुर कम्पनी सम्म, गोपाल डाँगीको घर हुँदै खैरा गाउँसम्म, बाँसगजेरी चौकीदार घरसम्म र बगाले देव बहादुरको घर हुँदै खरकट्टी सम्म सडक स्तरोन्नती | नगरस्तरीय | ९७१६७१.०० | |
| ३ | सिमलतारा बाटो पिच (समपूरक) | नगरस्तरीय | २९१९०००.०० | |
| ४ | नौलो टोलमा कल्भर्ट निर्माण | १८ | २९१९००.०० | |
| ५ | वडा नं.१० ईपार्क देखि उत्तर चरबगिया भुवन थापाको घरसम्मको अधुरो नाला निर्माण | १० | २९२८००.०० | |
| ६ | वडा नं.१० स्वर्गद्वारी टोल ग र च लाइनमा पक्की नाला निर्माण | १० | २९२८००.०० | |
| ७ | वडा नं.१६ जनकपुर टोलमा गंगटे जरुवा मर्मत तथा संरक्षण | १६ | २८८९००.०० | |
| ८ | वडा नं.५ नमूना टोल हवल्दार गाउँ जाने खोला कल्भर्ट | ५ | ४८५१४०.०० | |

| | | | | |
|---|---|---|---|---|
| ९ | अमिलिया हुँदै माथिल्लो बयालीकोट सडक निर्माण | १९ | ३३०८२०.०० | |
| १० | पश्चिम सेवार महिला भवन निर्माण | ८ | २८९५१२.०० | |
| ११ | वडा नं.१० चाँदनी टोल विकास संस्थाको तीनकुनै चोकको रुपलाल चौधरीको घरदेखि पोखरा बस्ति हुँदै गुर्जेखोला सम्म जाने बाटो पक्की नाला निर्माण | १० | ३८९२००.०० | |
| १२ | वडा नं.१० नारायणपुरमा मस्जीद निर्माण | १० | २९२८००.०० | |
| १३ | वडा नं.२ वि.पि.मार्ग देखि दक्षिणतर्फ अर्धरे जाने सडक स्तरोन्नती | नगरस्तरीय | ४९६१४०.०० | |
| १४ | घोराही ११ पेरनी देखि जितपुर हुदै अमडर सम्म सडकमा पक्की नाला मर्मत तथा स्तरोन्नती(समपुरक) | नगरस्तरीय | १९४५४२९.०० | |
| १५ | हनरियामा सिंचाइका लागी लाइनिङ | ७ | १२१६२५.०० | |
| १६ | पश्चिम सेवार खल्यानमा देखि भुयार थान सम्म पक्की नाला निर्माण | ८ | ४७१८६९.०० | |
| १७ | नारायणपुर प्रहरी चौकीको ट्रस्ट निर्माण | १० | २४३२५०.०० | |
| १८ | कृष्ण कुमार के.सी.को घरदेखि दक्षिण ९ नं.वडा कार्यालय सम्म पक्की नाला | ९ | ३८६७२८.०० | |
| १९ | घोराही कभर्ड हल परिसरमा इन्डोर खेल पूर्वाधार निर्माण | नगरस्तरीय | ५८३८००.०० | |

| | | | | |
|---|---|---|---|---|
| २० | वडा नं.१४ सुन्दरनगर टोल र शुभविहानी टोल जोड्ने सेवार खोलामा ट्रस्ट ब्रिज निर्माण र सुन्दरनगर टोलमा ढक्कन सहित नाला र पि.सि.सी.बाटो निर्माण | नगरस्तरीय | ३५५९५०.०० | |
| २१ | वडा नं.८ ढिकपुर लक्ष्मण चौधरीको घर हुदै 661.21.1.1771 (ठे.नं.NCB/ WORKS/GSMC/19/080/081 को तेस्रो तथा अन्तिम विल) विजेश्वरी कन्स्ट्रक्सन सेवा | नगरस्तरीय | ७२३७०९०.०० | |
| २२ | वडा नं.८ कटुकी देखि डकेलपुर 661.21.1.1946(ठे.नं.NCB/WORKS/GSMC/ 16/080/081 को चौथो रनिङ विल) शिव निर्मल सुलिकोट जया जे.भी. | नगरस्तरीय | १२९२६८०.०० | |
| २३ | कुल बहादुर बुढा स्मृति पथ मार्ग | १८ | १४५९५०.०० | |
| २४ | तारा प्रसाद सिजवालको घरदेखि बकुलाही गोपाल शाह घर हुदै धुमकिला बाट रविशन घर हुदै झमरे बाटो बाट पोखरा अधुरो बाटो स्तरोन्नति नगर समपुरक तर्फ बाँकी | नगरस्तरीय | ६५५१२१.०० | |
| २५ | वडा नं.१५ भित्रका सडकहरुमा पक्की नाला तथा कल्भर्ट निर्माण समपुरक तर्फको बाँकी | नगरस्तरीय | ९४६०००.०० | |
| २६ | प्रा.बि.आमधारा स्कुलमा फर्निचर खरिद | १९ | ४८६५०.०० | |
| २७ | वडा नं.१२ अवलडाँडामा लम्साल उत्थान समाजको धर्मशाला मर्मत | १२ | २४३२५०.०० | |
| २८ | खैरा कोठरी सडक पीच (रोयल विल्डर्स) | नगरस्तरीय | १२१७३९९.०० | |
| २९ | सर्रा चोकमा हाइजिङ लाईट तथा बिद्युत पोल विस्तार समपुरक तर्फको | नगरस्तरीय | ९४६०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ३० | सडक बोवर्ड अन्तर्गत नगर समपुरक तर्फको बाँकी (प्रिज्मा एण्ड प्राक्षी) | नगरस्तरीय | ४९३९४६.०० | |
| ३१ | वडा नं.५ ठुलागाँउ चौक देखि बालकल्याण स्कुल जोडने बाटो कालोपत्रे नगर समपुरक तर्फ बाँकी | नगरस्तरीय | १३४१७२२.०० | |
| ३२ | गलेना लेक खुम्बासमा खानेपानी मर्मत | १९ | ८०३०५.०० | |
| ३३ | दम्ती गेरुखोला खानेपानी मर्मत | १९ | २४३२५.०० | |
| ३४ | वडा नं.१९ बाम्ला भगवती टोवल विकास संस्थाको निर्माणाधिन अधुरो सामुदायिक भवन निर्माण | १९ | १३६५९५.०० | |
| ३५ | तल्लो झिगौरामा विद्युत पोल सार्ने | १४ | ४३७८५.०० | |
| ३६ | वडा नं.६ लख्वार देखि वडा नं.५ कप्तान चोक सम्म सड्क पीच नगर समपुरक तर्फ बाँकी | नगरस्तरीय | ९२०५८४.०० | |
| ३७ | वडा नं.४ तल्लो पारखेत देवा कुँवरको घर नजिक स्यालो ट्युववेल निर्माण | नगरस्तरीय | ४८४११७.०० | |
| ३८ | रामघाट टोलको चोकबाट स्कुलडाँडा जोड्ने बाटो कालोपत्रे निर्माण (नगर समपुरक तर्फ बाँकी) | वडा नगर दुबै | १२०२२१५.०० | |
| ३९ | वडा नं.१९ श्री बराहेत्र प्रा.वि.खानीगाँउमा खानेपानी ट्यांकी निर्माण | १९ | १३४९४३.०० | |
| ४० | सानो काभ्रेखोला खानेपानी मर्मत(विपदबाट क्षेति भएका संरचना) | १९ | १४५९५.०० | |
| ४१ | सतिघाट कटुवाखोला काठेपु संरक्षण (विपदबाट क्षेति भएका संरचना) | १९ | ९७३००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ४२ | बराहेत्र प्राथमिक विद्यालय खानीगाँउ | १९ | ४८६५०.०० | |
| ४३ | रविन्द्र अधिकारिको घरदेखि महेन्द्र नेपालीको (विपदबाट क्षेति भएका संरचना) | १४ | १४५९५०.०० | |
| ४४ | शहिद स्मृति भवनमा छाना मर्मत (विपदबाट क्षेति भएका संरचना) | ३ | २९१९०.०० | |
| ४५ | बंगलाचुली कुलामा कल्भर्ट मर्मत (विपदबाट क्षेति भएका संरचना) | १० | १३९५०९.०० | |
| ४६ | वडा नं.१४ को सिर्जनशिल टोल राममन्दिर टोल सँग जोड्ने (विपदबाट क्षेति भएका संरचना) | १४ | ३८९२००.०० | |
| ४७ | ठाँटी गाँउमा कुवा निर्माण (कन्टेन्जेन्सी) | १० | ८२५३७.०० | |
| ४८ | पर्सा सिंचाइको लागी डुर निर्माण(विपदबाट क्षेति भएका संरचना) | ७ | ९७३००.०० | |
| ४९ | खानेपानी मर्मत तथा शौचालय निर्माण(मावि हापुर विजौरी) | १२ | ९७३००.०० | |
| ५० | घोराही १३ शहिद कृष्ण चौधरी स्मृति भवन एरियामा नाला वाल निर्माण(विपद बाट क्षति भएका संरचना) | १३ | १२१६२५.०० | |
| ५१ | वडा नं.८ बनगाँउ थारुगाँउ सामुदायिक अधुरो भवन मर्मत | ८ | ९७३००.०० | |
| ५२ | वडा नं.दुन्द्रा थारु गाँउ देखि धर्ना जोड्ने बाटो स्तरोन्नति | ८ | ४८६५००.०० | |
| ५३ | सिद्धरत्ननाथ मावि नारायण रेट्रो फिटिङ(स्थानीय राजस्व तर्फको बाँकी) | नगरस्तरीय | ११५९६८६.०० | |

| | | | | |
|---|---|---|---|---|
| ५४ | वडा नं.१० युनिक टोल युनिक बोर्डिङ स्कुल देखि पूर्व गिर बहादुर सेजवालको घर हुदै कविता रोकाको घरसम्म पक्की नाला निर्माण | नगरस्तरीय | २९२८००.०० | |
| ५५ | जजरागाँउ चोक देखि पश्चिम कल्भर्ट सम्म बाटो कालोपत्रे | नगरस्तरीय | १९४१४५३.०० | |
| ५६ | स्थानीय सडक संजाल सम्बन्धि सफ्टवेयर निर्माण र स्थानीय सडक मापदण्ड तयार तथा क्षेत्राधिकार सम्बन्धि प्रतिवेदन तयारी(सि.एस.सेवा प्रा.लि.) | नगरस्तरीय | १९५००००.०० | |
| ५७ | भू-उपयोग सम्बन्धि योजनाको प्रतिवेदन तयारी | नगरस्तरीय | १९५००००.०० | |
| ५८ | भरतपुर आर्मी ब्यारेकनेर अधुरो सार्वजनिक शौचालय निर्माण (नकुल इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.) | १५ | २९८२५८.०० | |
| ५९ | बेलघारी अधुरो नाला निर्माण | १८ | १६९७३१.०० | |
| ६० | दुर्गा भवानी टोलको सामूदायिक भवन मर्मत | १३ | ८९७९२.०० | |
| ६१ | अदैत टोलमा सडक स्तरोन्नती | नगरस्तरीय | ४८९७००.०० | |
| ६२ | स्वर्गद्धारी आश्रम टोलमा टोल विकास संस्थाको भवन निर्माण | १४ | १९४५९९.०० | |
| ६३ | स्वास्थ्य चौकीको अधुरो भवन निर्माण घोराही १९ (दोस्रो रनिङ विल) (ए.बि.एम.विल्डर्स एण्ड डेभलपर्स) | प्रदेश स्तरिय | ९३८६०.०० | |

| | | | | |
|---|---|---|---|---|
| ६४ | दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं.३मा सामाजिक भवन निर्माण कार्य वापतको अन्तिम विलको रकम(केटिएम निर्माण सेवा) | संघिय | २७२२०७.०० | |
| ६५ | ठे.नं.२/०८१/०८२ को प्रदेश समपुरक तर्फको तेस्रो विलको रकम वापतकको नगर समपुरक भूक्तानी बाँकी (के.बि./एच.एस./डि.एण्ड जि.जे.भी.) | नगरस्तरीय | ९२०५८४.०० | |
| ६६ | खानेपानी मर्मत तथा शौचालय निर्माण(प्रावि मकुन्डाँडा अस्परी) | नगरस्तरीय | ४७५८०.०० | |
| ६७ | वडा नं.१९ बोल्दी कालिमाटी डाँडा हुदै १९ नं.वडा कार्यालयसम्म जोडने सडक निर्माण(एम.एस.एन.एस.कन्स्ट्रक्सन) | नगरस्तरीय | १७३१२२१.०० | |
| ६८ | खानेपानी तथा सिंचाइ पाइप तथा सामाग्री खरिद (एल.डि.बि.सप्लायर्स) | नगरस्तरीय | ५८३४३०.०० | |
| ६९ | भ्यूडर सहिद मार्ग देखि रामु/कमला गाहाको घर हुदै लिलाजित नेपालीको घर सम्मको सडक स्तरोन्नती | नगरस्तरीय | १९४६०००.०० | |
| ७० | आ.वि. बेलघार ४ कोठे भवन , आ.वि. गिठेपानी २ कोठे भवन...लगायतका अधुरा तथा थप नयाँ विद्यालय पूर्वाधार निर्माणको पाचौं तथा अन्तिम बिल (बालारुपी न्यू अम्बे जे.भी.) | नगरस्तरीय | २९८४९९३.०० | |
| ७१ | पानी ट्याङ्कर खरिद | नगरस्तरीय | ३७९०००.०० | |
| ७२ | बेलन्या बाँध अधुरो निर्माण | नगरस्तरीय | ६१७७३६.०० | |

| | | | | |
|---|---|---|---|---|
| ७३ | संगठन संरचना तथा दरबन्दी पुनरावलोकन | | २४०१२५.०० | स्थानीय स्वशासन सहयोग मञ्च नेपाल प्रा.लि. |
| ७४ | सार्वजनिक उपयोगिताको खर्च(सडक वत्ती) | नगरस्तरीय | १००४३.०० | नारायणपुर खानेपानी टोल विकास संस्था |
| ७५ | २०८२ सालमा एसइइ दिएका विद्यार्थीहरुका लागी निशुल्क कम्प्यूटर तालिम | १६ | १०००००.०० | राप्ती साइन्स एण्ड इन्जिनियरिङ कलेज प्रा.लि. |
| ७६ | अन्य संस्था सहायता | १३ | ९७३००.०० | उ.स. |
| ७७ | अन्य संस्था सहायता | नगरस्तरीय | १००००.०० | अखिल नेपाल किसान महासंघ |
| ७८ | नगर प्रमुख निशुल्क रक्त संचार | स्वास्थ्य शाखा | ४४०००.०० | नेपाल रेडक्रस सोसाइटी दाङ जिल्ला शाखा |

| | | | | |
|---|---|---|---|---|
| ७९ | नारायणपुर उद्योग बाणिज्य संघ | १० | २४३२५०.०० | नारायणपुर उद्योग बाणिज्य संघ |
| ८० | मानव कल्याण समाज सहयोग | १६ | २५०००.०० | मानव कल्याण समाज |
| ८१ | भ्रमण खर्च | १३ | १४०००.०० | डुल्लुराम पोखेल |
| ८२ | सरसफाई ब्यवस्थापन ज्याला | १३ | २००००.०० | कौशल बस्नेत |
| ८३ | सवारी साधन मर्मत | नगरस्तरीय | ६७२०७.०० | जगदम्बा कन्स्ट्रक्सन |
| ८४ | व्यावशायिक कृषकहरुलाई विशेषज्ञ सेवा सहित प्रविधि विस्तारमा पहुँच अन्तर्गत कृषि एप तथा कृषक परिचय पत्र कार्यक्रम | नगरस्तरीय | ४०००००.०० | पाथवे टेक्नोलोजिज एण्ड सर्भिसेज प्रा.लि. |
| ८५ | वडा नं. १६ जुरुट्टेटोल कल्भर्ट देखि टोप कुमारी रानाको घर हुदै मोहन चौधरीको घरसम्म पक्की नाला निर्माण | नगरस्तरीय | ५७२२७०.०० | उ.स. |
| ८६ | वडा नं. १५ रानी जरुवा टोल नरेन्द्रनाथ योगीको घर देखि भिंग्रेली रिसोर्टको गाडी पटर्किङ एरिया सम्म बाटो पीच तथा नाला निर्माण | नगरस्तरीय | ११६१०००.०० | उ.स. |
| | | जम्मा | ५२९८८५९२.०० | |

**निर्माण नं. १५**

**१५.१** घोराही उपमहानगरपालिकाका विभिन्न वडाबाट सम्बन्धीत वडा कार्यालयको सिफारिससाथ औषधी उपचारको लागि आर्थिक सहयोग गरिदिनुहुन माग गर्नुभएका तपसिल बमोजिमका विपन्न नागरिकहरुलाई प्रति परिवार रु.१०,०००।—सम्म खर्च भएको विलअनुसार आर्थिक सहायता घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

१. शरद कुमार चौधरी, घोराही उपमहानगरपालिका वडा नं. ४
२. देविराम चौधरी, घोराही उपमहानगरपालिका वडा नं. ६
३. शुसन चौधरी, घोराही उपमहानगरपालिका वडा नं. १७

**१५.२** डेनमार्कमा आयोजना भएको अन्तराष्ट्रिय फुटबल प्रतियोगितामा लुम्बिनी फुटबल एकेडेमीको तर्फबाट सहभागी भएका खेलाडीहरुको टोलीलाई रु. १०,०००।— आर्थिक सहायता घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।